मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २ गते बिहीबार ❑ 18 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## 'बायोटेक्नोलोजिस्ट' को दरबन्दी थप्न पहल गर्छु: मन्त्री चौधरी

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १ असोज

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले मुस्ताङको मार्फास्थित शितोष्ण बागवानी विकास केन्द्रमा हाइब्रिड स्याउका बिरुवा उत्पादनका लागि 'टिस्यु कल्चर बायोटेक्नोलोजिस्ट' को स्थायी दरबन्दी थप गर्न पहल गरिने बताउनुभएको छ।

घरपभोङ जलवायु परिवर्तन सम्मेलन-२०८३ को उद्घाटन कार्यक्रममा सहभागी हुन मुस्ताङ आइपुग्नुभएका मन्त्री चौधरीले बिहीबार घरपभोङ गाउँपालिका-२ मार्फास्थित शितोष्ण बागवानी विकास केन्द्रको अवलोकनका क्रममा यस्तो बताउनुभएको हो।

केन्द्रका प्रमुख प्रकाश पन्थले केन्द्रमा हाइब्रिड स्याउका बिरुवा उत्पादनका लागि ' बायोटेक्नोलोजिस्ट' को स्थायी दरबन्दी आवश्यक रहेको भन्दै मन्त्री चौधरीको ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले केन्द्रका गतिविधि, कार्यक्रम, समस्या तथा चुनौतीबारे पनि जानकारी गराउनुभयो।

जवाफमा मन्त्री चौधरीले फलफूलबाट उत्पादित मदिराको अन्तःशुल्कसम्बन्धी बेरुजु समस्या समाधान गर्न ' बायोटेक्नोलोजिस्ट' को स्थायी दरबन्दी थप गर्न पहल गरिने बताउनुभयो । उहाँले सानो बजेटबाट स्याटेलाइट फार्म स्थापना गर्दा समय लाग्ने भएकाले त्यसलाई परियोजनाका रूपमा अघि बढाउन आवश्यक छलफल गरिने आश्वासन दिनुभयो । केन्द्रका प्रमुख पन्थका अनुसार स्थापना भएको करिब ५० वर्षपछि पहिलोपटक मन्त्रिस्तरीय भ्रमण भएको हो । मन्त्री चौधरीले केन्द्रमा उत्पादित स्याउलगायत शितोष्ण फलफूल, तरकारी तथा कृषि प्रशोधनजन्य उत्पादनका प्रदर्शनी कक्षको अवलोकन गर्नुभएको थियो । विसं २०२३ मा स्थापना भएको शितोष्ण बागवानी विकास केन्द्रले मुस्ताङका किसानलाई फलफूल तथा तरकारीखेती र प्रविधि प्रसारसम्बन्धी ज्ञान तथा सीप हस्तान्तरण गर्दै आएको छ।

केन्द्रका चारवटा ब्लकमा करिब ९०० रोपनी क्षेत्रफलमा फलफूल, तरकारी तथा अन्य कृषि बालीको उत्पादन, अनुसन्धान, अन्वेषण र क्षमता विकासका काम हुँदै आएका छन्।

## पोखरामा दुबई फ्लाइट दिगो रुपमा संचालन गर्न फ्लाई दुबईको सम्पर्क कार्यालय स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

पोखराबाट सुरु हुन लागेको अन्तर्राष्ट्रिय हवाई सेवालाई प्रभावकारी बनाउन फ्लाई दुबईले पोखरामा सम्पर्क कार्यालय स्थापना गरेको छ।

पोखराको पुरानो विमानस्थल अगाडिको हर्कचोक क्षेत्रमा स्थापना गरिएको कार्यालयबाट यात्रु तथा पर्यटन व्यवसायीलाई हवाई सेवासम्बन्धी जानकारी र समन्वयमा सहज हुने अपेक्षा गरिएको छ । फ्लाई दुबईले आगामी सेप्टेम्बर २३ अर्थात् असोज ७ गतेदेखि पोखरा-दुबई दैनिक सिधा उडान सुरु गर्दैछ। नियमित अन्तर्राष्ट्रिय व्यावसायिक उडानको लामो प्रतीक्षापछि सुरु हुन लागेको यो सेवाप्रति पोखरामा उत्साह देखिएको छ।




पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठका अनुसार पहिलो, दोस्रो र तेस्रो उडानको बुकिङ उत्साहजनक छ। विशेषगरी दुबईबाट पोखरा आउने यात्रुको माग पोखराबाट दुबई जानेभन्दा बढी रहेको उहाँले बताउनुभयो।

"पहिलो फ्लाइटको बुकिङ लगभग भरिन लागेको छ। दोस्रो र तेस्रो फ्लाइटमा पनि उत्साहजनक बुकिङ छ । दुबईबाट पोखरा आउनेतर्फ एक-डेढ महिनासम्मकै बुकिङ राम्रो देखिएको छ," उहाँले भन्नुभयो। फ्लाई दुबईका आफ्नै १२० भन्दा बढी गन्तव्य छन् भने इमिरेट्ससँगको कोडसेयर साझेदारीमार्फत यात्रुले करिब २५० भन्दा बढी अन्तर्राष्ट्रिय गन्तव्यसम्म पहुँच पाउने कम्पनीले जनाएको छ । श्रेष्ठले यस्तो विश्वव्यापी सञ्जाल भएको कम्पनीले पोखराबाट उडान सुरु गर्नु गण्डकीको पर्यटनका लागि ठूलो अवसर भएको बताउनुभयो। फ्लाई दुबईका सीईओ सेप्टेम्बर २३ मा नेपाल तथा पोखरा आउने र २४ गते फर्किने कार्यक्रम रहेको पनि उहाँले जानकारी दिनुभयो। उहाँको भ्रमणले पोखराबाट अन्तर ाष्ट्रिय उडानलाई दीर्घकालीन बनाउन थप सहज वातावरण

बन्ने श्रेष्ठको विश्वास छ। उडानका लागि १६५ सिट क्षमताको बोइङ ७३७-८०० प्रयोग गरिनेछ। पहिलो जहाज साँझ ६:१५ बजे पोखरा आउने र ७:१५ बजे दुबई फर्किने तालिका छ। श्रेष्ठका अनुसार काठमाडौं जोड्ने कृष्णभीर सडक पुनः सञ्चालनमा आएसँगै पोखराको पर्यटकीय गतिविधि बढेमा त्यसको सकारात्मक प्रभाव पोखरा-दुबई उडानमा समेत पर्ने विश्वास व्यक्त गर्नुभयो।

## भोटेकोशी बाढी: पोखरामा शवगृह (पोर्टेवल मर्चरी हाउस) निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

भोटेकोशी बाढीपछि शव व्यवस्थापनमा देखिएको चुनौतीलाई सम्बोधन गर्न कास्कीको पोखरामा शवगृह (पोर्टेवल मर्चरी हाउस) निर्माण गरिएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशको पहलमा जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध 'कन्टेनर'लाई मर्मत तथा आवश्यक संरचना थप गरी बुधबार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई हस्तान्तरण गरिएको हो । कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिँह गुरुङले प्रतिष्ठानका 'फरेन्सिक' विभाग प्रमुख प्रा डा मदनप्रसाद बराललाई चाबी हस्तान्तरण गर्नुभएको हो । भोटेकोशी बाढीपछि ठूलो मानवीय क्षति हुँदा मृतकको शव पहिचान, संरक्षण तथा आफन्तलाई हस्तान्तरण गर्न कठिनाइ देखिएको



थियो । बाढीपछि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल ल्याइएका १०२ शवलाई एक साता शवगृहमा राखेर पहिचान नभएका ८१ शव सुरक्षित रूपमा व्यवस्थापन गरिएको थियो । निर्माण गरिएको मर्चरी हाउसमा २४ वटा शव राख्न सकिने र लामो समयसम्म व्यवस्थापन गर्न सकिने बताइएको छ । प्राकृतिक विपद् तथा अन्य घटनामा मृत्यु भएका व्यक्तिको शव सुरक्षित राख्ने, पहिचान गर्ने र शवपरीक्षण तथा अन्तिम संस्कारका लागि व्यवस्थित रूपमा उपलब्ध गराउने उद्देश्यले मर्चरी निर्माण गरिएको महासङ्घका कार्यवाहक अध्यक्ष सूर्यबहादुर भुजेलले बताउनुभयो।

उहाँका अनुसार जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध कन्टेनरको मर्मत तथा निर्माणका लागि निजी क्षेत्र तथा विभिन्न सङ्घसंस्थाबाट आर्थिक सहयोग जुटाइएको हो। "मर्चरी हाउसलाई आवश्यकताअनुसार प्रदेशका जुनै पनि स्थानमा लैजान सकिन्छ।

सरकारी मापदण्डअनुसार यसको व्यवस्थापन, संरक्षण र मर्मतसम्भार हामीले नै गर्ने योजना बनाएका छौँ," कार्यवाहक अध्यक्ष भुजेलले भन्नुभयो । मर्चरी हाउस निर्माणमा रु नौ लाख ६५ हजार खर्च भएको र कन्टेनरसहित कुल लागत रु १२ लाख ६५ हजार रहेको महासङ्घले जनाएको छ।

सो कार्यका लागि नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेश तथा कार्यकारिणी सदस्यबाट रु दुई लाख ४९ हजार २७८, नेपाल युवा उद्यमी मञ्च पोखराबाट रु दुई लाख, होटलियर्स क्लब पोखराबाट रु एक लाख एक हजार १११, पर्वत उद्योग वाणिज्य सङ्घबाट रु ५१ हजार ५००, शुक्लागण्डकी नगर उद्योग वाणिज्य सङ्घबाट रु ५१ हजार सहयोग भएको थियो।

यसैगरी, नागरिक परोपकार समन्वय संस्था कास्कीबाट रु ५१ हजार, अन्तरराष्ट्रिय नेपाल युवा उद्यमी महासङ्घ गण्डकी प्रदेशबाट रु ५० हजार र सामुदायिक प्रहरी सेवा केन्द्रहरू (जिल्ला समन्वय समिति, पृथ्वीचोक, बैदाम, कालिका, बगर, लेखनाथ, माटेपानी र हेमजाबाट) गरी रु दुई लाख ११ हजार १११ सहयोग जुटेको थियो।

## भोटेकोशी बाढी: ३६ देशका ६०६ विदेशी पर्यटक अझै बेपत्ता

**रासस**
काठमाडौं, १ असोज

भोटेकोशी बाढीमा परेर ३६ देशका ६०६ विदेशी पर्यटक अझै बेपत्ता छन् । पर्यटन विभागले दिएको जानकारीअनुसार गत भदौ १० गतेको बाढीमा परेर आजसम्म ३६ देशका ६०६ विदेशी पर्यटक बेपत्ता भएका हुन्।

विभागका सूचना अधिकारी सुरजघिमिरेलेविभिन्नकम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएकामध्ये अझै ६०६ विदेशी पर्यटक बेपत्ता भएका राससलाई जानकारी दिनुभयो। बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी छिमेकी मुलुक भारतका छन्।

विभागले दिएको जानकारीअनुसार भारतका १८९, अष्ट्रेलियाका ३३, क्यानडाका ३०, मलेसियाका ५५, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६५, लाटभियाका ३३, चीनका ३७ जना छन् । त्यस्तै, बेलारुस। फिनल्याण्ड, फ्रान्स, जर्मनी हङ्गेरी, आइरिस, इजरायल, लिथ्वानिया, नेदरल्याण्ड, न्युजरल्याण्ड, पोर्चुगल, रसिया, सिङ्गापुर, दक्षिण अफ्रिका, स्पेन, जापान, फिलिपिन्स, काजकिस्तान, बेल्जियम, स्विडेन, स्विजरल्याण्ड, इटली, भियतनाम, इस्टोनिया र कोरियाका पर्यटक पनि बेपत्ता भएका छन् । उक्त बाढीमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पर्यटकीय गन्तव्य सराङकोटमा साढे २ करोडको लागतमा प्रहरी चौकीको नयाँ भवन

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

पर्यटकीय गन्तव्यका रूपमा तीव्र रूपमा विकास भइरहेको पोखरा १८ को सराङकोटमा शान्ति सुरक्षा व्यवस्थापनका लागि नवनिर्मित प्रहरी चौकीको भवन सञ्चालनमा आएको छ। पोखरा महानगरपालिका-१८, चपाई चौतारामा निर्माण गरिएको प्रहरी चौकी सराङकोटको नयाँ भवनको विहिबार उद्घाटन गरिएको हो।

गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रमुख प्रहरी नायव महानिरीक्षक दिपेन्द्र घर्ती क्षेत्रीले एक कार्यक्रमबीच भवनको उद्घाटन गर्नुभयो। गण्डकी प्रदेश सरकारको स्वीकृत बजेटबाट २ करोड ४० लाख ४५ हजार ९ सय ८३ रुपैयाँ ६३ पैसा लागतमा भवन तथा अन्य भौतिक संरचना निर्माण गरिएको हो । निर्माण योजनाअन्तर्गत प्रहरी चौकीको कार्यालय भवनसँगै मेश भवन, शौचालय, प्रतीक्षालय, प्रवेशद्वार




तथा पेरिमिटर पर्खाल निर्माण गरिएको छ। २०८१ असार २३ गते निर्माण सम्झौता भएको थियो।

भवन उद्घाटन गर्दै प्रहरी नायव महानिरीक्षक क्षेत्रीले सराङकोटको बढ्दो पर्यटकीय गतिविधिलाई ध्यानमा राख्दै प्रहरी चौकीको भूमिका अझ महत्वपूर्ण हुने बताउनुभयो। उहाँका अनुसार सराङकोटमा पछिल्लो समय प्याराग्लाइडिङ, केबलकार, धार्मिक तथा पर्यटकीय गतिविधिसँगै ठूला होटल र रेस्टुरेन्ट सञ्चालन भइरहेका छन्। पर्यटक र स्थानीय बासिन्दाको सुरक्षा आवश्यकतालाई सम्बोधन गर्न नयाँ भौतिक पूर्वाधारले प्रहरी सेवालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने उहाँको भनाइ छ।

"पर्यटकीय हबका रूपमा विकास भइरहेको यस क्षेत्रमा साहसिक खेल, केबलकार, धार्मिक स्थल तथा होटल-रेस्टुरेन्टको गतिविधि बढिरहेको छ। यस्तो अवस्थामा शान्ति सुरक्षा कायम गर्न र प्रहरी सेवा विस्तार गर्न नयाँ चौकीले महत्वपूर्ण भूमिका खेल्नेछ," उहाँले भन्नुभयो । सराङकोटबाट पोखरा उपत्यकाको दृश्यावलोकनका साथै विभिन्न पर्यटकीय गतिविधि सञ्चालन हुने भएकाले यहाँ स्थानीयसँगै बाह्य पर्यटकको आवागमन पनि बढ्दो छ। नयाँ भवनबाट प्रहरीलाई नियमित सुरक्षा सेवा, गस्ती तथा नागरिकसँगको समन्वय थप व्यवस्थित गर्न सहज हुने अपेक्षा गरिएको छ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीले भवन निर्माणमा सहयोग गर्ने प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित सबै पक्षप्रति धन्यवाद व्यक्त गर्नुभयो । उद्घाटन कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, पत्रकार, विभिन्न संघसंस्थाका प्रतिनिधि, सामुदायिक सेवा केन्द्र, आमा समूह, टोल विकास संस्थाका पदाधिकारी, बुद्धिजीवी तथा समाजसेवीहरूको सहभागिता रहेको थियो।



# विश्व पर्यटन दिवसमा असोज ११ गते पोखरामा मिनि सडक महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

विश्व पर्यटन दिवसको अवसरमा यही असोज ११ गते पोखरामा मिनि सडक महोत्सव आयोजना हुने भएको छ।

रेष्टुरेण्ट एण्ड बार एसोसिएसन (रेवान) पोखराको आयोजनामा हुने मिनि सडक महोत्सवले पछिल्लो समय पर्यटन क्षेत्रमा देखिएका विभिन्न चुनौती तथा विषम परिस्थितिका बीच 'पोखरा खुला छ' भन्ने सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्य राखिएको रेवान पोखराका अध्यक्ष वसन्त गौतमले बताउनु भयो। आन्तरिक तथा बाह्य पर्यटकलाई पोखरा भ्रमणका लागि प्रोत्साहित गर्ने तथा पर्यटन गतिविधिलाई चलायमान बनाउने उद्देश्यले आयोजना गर्न लागिएको मिनि सडक महोत्सवको संयोजकमा रेवान पोखराका कार्यसमिति सदस्य कृष्ण अधिकारी चयन हुनु भएको छ। रेवान पोखराको बिहीबार बसेको कार्यसमिति सदस्य तथा सल्लाहकारहरूको बैठकले अधिकारीलाई सर्वसम्मत रूपमा संयोजक चयन गरेको हो।

विश्व पर्यटन दिवसका अवसरमा आयोजना हुने कार्यक्रममार्फत पोखराको पर्यटन व्यवसाय, स्थानीय खाना, संस्कृति, संगीत तथा आतिथ्यका क्षेत्रमा सकारात्मक वातावरण सिर्जना गर्ने अपेक्षा गरिएको रेवान पोखराले जनाएको छ। पर्यटन व्यवसायी, स्थानीय संघसंस्था, सरकारी तथा गैरसरकारी निकाय, सञ्चारमाध्यम तथा पोखरेलीको सहकार्यमा कार्यक्रमलाई प्रभावकारी बनाउने तयारी भइरहेको गौतमले जनाउनु भयो। मिनि सडक महोत्सवसँगै रेवान पोखराले आगामी पौष १३ देखि १७ गतेसम्म लेकसाइडस्थित फेवाताल किनारमा २८औँ पोखरा सडक महोत्सव आयोजना गर्ने तयारीसमेत अघि बढाएको छ। पोखरालाई 'अङ्ग्रेजी नयाँ वर्षको प्रमुख गन्तव्य'का रूपमा स्थापित गर्ने उद्देश्यसहित आयोजना हुने महोत्सव करिब साढे तीन किलोमिटर क्षेत्रमा सञ्चालन हुनेछ।

२८औँ पोखरा सडक महोत्सवको संयोजकमा रेवान पोखराका द्वितीय उपाध्यक्ष योगेश भट्टराई चयन भएका छन्। रेवान पोखराको सोही बैठकले भट्टराईलाई पनि महोत्सव संयोजकको जिम्मेवारी सर्वसम्मत रूपमा दिएको हो।

प्राकृतिक सौन्दर्य, संस्कृति र पर्यटनको संगमका रूपमा परिचित पोखराको लेकसाइडमा विगत २७ वर्षदेखि निरन्तर आयोजना हुँदै आएको सडक महोत्सव यसपटक २८औँ संस्करणमा प्रवेश गर्दैछ। 'सडक मै खाऔँ, सडक मै नाचौँ, सडक मै रमाऔँ' भन्ने मूल नारासहित आयोजना हुँदै आएको महोत्सवले खाना, संगीत र संस्कृतिलाई एउटै थलोमा जोड्दै पोखराको पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउँदै आएको छ।

महोत्सवमा स्थानीय तथा परम्परागत खानाका परिकार, सांस्कृतिक प्रस्तुति, संगीत तथा मनोरञ्जनका कार्यक्रम सञ्चालन गरिनेछन्। महोत्सवले अंग्रेजी नयाँ वर्षको अवसरमा स्वदेशी तथा विदेशी पर्यटकलाई पोखरा भित्र्याउनुका साथै स्थानीय व्यवसाय, कला-संस्कृति, कृषि तथा समग्र पर्यटन अर्थतन्त्रलाई समेत चलायमान बनाउने अपेक्षा गरिएको महासचिव बिरेन्द्र शेरचनले बताउनु भयो।

रेवान पोखराले यस वर्षको २८औँ संस्करणलाई विगतका अनुभवबाट सिक्दै थप व्यवस्थित, आकर्षक र प्रभावकारी बनाउने तयारी भइरहेको जनाएको छ। मिनि सडक महोत्सवदेखि २८औँ पोखरा सडक महोत्सवसम्मका कार्यक्रममार्फत पोखराको पर्यटनलाई थप गतिशील बनाउँदै स्थानीय व्यवसाय र पर्यटन क्षेत्रलाई प्रत्यक्ष लाभ पुऱ्याउने लक्ष्य राखिएको छ।

# गण्डकी प्रदेशमा नौ महिनामा दुई हजार ३११ जनामा डेङ्गु सङ्क्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

गण्डकी प्रदेशका १० जिल्लामा गत पुस-माघदेखि हालसम्म दुई हजार ३११ जनामा डेङ्गुको सङ्क्रमण पुष्टि भएको छ।

मनाङमा यस वर्ष अहिलेसम्म डेङ्गुको सङ्क्रमण नदेखिएको प्रादेशिक रोग नियन्त्रण केन्द्रले जनाएको छ। गत जुलाइपछि डेङ्गु सङ्क्रमणको दर बढेको केन्द्रका निर्देशक मनमोहन मिश्रले बताउनुभयो। गत जेठ र असारमा ४१५ जनामा सङ्क्रमण पुष्टि भएकामा साउनमा त्यो सङ्ख्या बढेर एक हजार २४७ पुगेको थियो। भदौ लागेयता ३८२ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ। पछिल्लो हप्ता सेप्टेम्बर ७ देखि १३ भित्रमा २२८ जनामा सङ्क्रमण पुष्टि भएको केन्द्रका निर्देशक मिश्रले जानकारी दिनुभयो। त्यस मध्ये सबैभन्दा बढी बागलुङमा १७० जनामा सङ्क्रमण देखिएको छ। सोही अवधिमा कास्कीमा २०, पर्वतमा १६, म्याग्दीमा सात, गोरखामा छ, स्याङ्जा चार, तनहुँ तीन र लमजुङमा दुई जनामा उक्त सङ्क्रमण पुष्टि भएको थियो।

अब विस्तारै सङ्क्रमण कम हुँदै जान्छ", निर्देशक मिश्रले भन्नुभयो, "जोखिम भने कायमै रहेकाले डेङ्गु सार्ने लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियानलाई तीव्रता दिनुपर्छ।"

प्रदेशभरिमा बागलुङ नगरपालिका डेङ्गुबाट सबैभन्दा बढी प्रभावित भएको उहाँको भनाइ छ। पछिल्लो हप्ता सङ्क्रमण पुष्टि भएका २२८ मध्ये ५७ जना त्यस नगरपालिकामा रहेका छन्। बागलुङपछि पोखरा महानगरपालिकालगायत स्थानीय तहमा सङ्क्रमण बढी देखिएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रवीण शर्माले डेङ्गु सङ्क्रमण रोक्न 'खोज र नष्ट गर' अभियान सञ्चालन गरिएको बताउनुभयो।

समयमा नियन्त्रण र रोकथाम गर्न नसके डेङ्गुले प्रकोपको रुप लिने उहाँको भनाइ छ। डेङ्गु फैलाउने लामखुट्टेको बासस्थान नष्ट गरी जीवनचक्र खल्बल्याउन कास्कीलगायत अन्य जिल्लामा पनि उक्त अभियान सञ्चालन गरिएको छ। डेङ्गु नियन्त्रण तथा रोकथामका लागि हरेक व्यक्ति र परिवार जिम्मेवार हुनुपर्ने प्रमुख शर्माले बताउनुभयो। डेङ्गु सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्न दिन नहुने उहाँको भनाइ छ।

डेङ्गुको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, भाँडाकुँडा, ड्रममा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गनुपर्ने चिकित्सकको सुझाव छ। उक्त रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गुबाट बच्ने उत्तम उपाय भएको उहाँहरु बताउनुहुन्छ। डेङ्गु सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकानजस्ता लक्षण देखिए अस्पतालको विशेष निगरानीमा उपचार गर्नुपर्ने चिकित्सकको सुझाव छ। असारदेखि कात्तिकसम्म डेङ्गुको सङ्क्रमण बढी फैलने गरेको केन्द्रका निर्देशक मिश्रले बताउनुभयो। डेङ्गु सार्ने 'एडिस एजिप्टाइ' जातको लामखुट्टेले जम्मा भएको सफा पानीमा फुल पार्ने र यसले दिनमा मात्र टोक्ने बताइएको छ।

# पोखरामा जीडब्ल्युएमको नयाँ शोरुम, दुई विद्युतीय गाडी समेत सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

ग्रेट वाल मोटर (जीडब्ल्युएम) नेपालको आधिकारिक विक्रेता रेज मोटर्स प्रालिले पोखराको बुद्धचोकमा नयाँ तथा अत्याधुनिक शोरुम सञ्चालनमा ल्याएको छ। नयाँ शोरुम सञ्चालनसँगै कम्पनीले जीडब्ल्युएमका दुई नयाँ विद्युतीय गाडी 'ओरा ५' र 'हाभल जोलियन म्याक्स ईभी' पनि पोखरा बजारमा सार्वजनिक गरेको हो।



बिहीबार आयोजित कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघकी अध्यक्ष शोभा गौतमले उक्त शोरुमको औपचारिक उद्घाटन गर्दै पर्यटकीय राजधानी पोखरामा विद्युतीय सवारसाधनको प्रयोग बढ्दै जानु सकारात्मक भएको बताउनुभयो। यस्ता सवारीसाधनको विस्तारले पोखराको आकर्षण बढाउनुका साथै वातावरणीय प्रदूषण न्यूनीकरणमा समेत सहयोग पुग्ने उहाँको भनाइ थियो।

कम्पनीका प्रतिनिधि, स्थानीय उद्योगी-व्यवसायी, सवारसाधनप्रेमी तथा सञ्चारकर्मीको उपस्थितिमा आयोजित कार्यक्रममा जीडब्ल्युएमका जर्नल म्यानेजर अजयकुमार श्रेष्ठले जीडब्ल्युएम चार दशक लामो इतिहास बोकेको ब्रान्ड भएको बताउनुभयो। उहाँका अनुसार कम्पनीका नयाँ विद्युतीय गाडीमा कृत्रिम बुद्धिमत्तामा आधारित सफ्टवेयर, सुरक्षा तथा कम मर्मतसम्भार खर्चलाई विशेष प्राथमिकता दिइएको छ।

पोखरामा सार्वजनिक गरिएको ओरा ५ मा ५८.३ किलोवाट आवर क्षमताको ब्याट्री राखिएको छ। कम्पनीका अनुसार डब्लुएलटीपी मापदण्डअनुसार यसले एकपटक पूर्ण चार्ज गर्दा ४३५ किलोमिटरसम्म यात्रा गर्न सक्छ। गाडीमा २०० मिलिमिटरको ग्राउन्ड क्लियरेन्स रहेको छ भने पाँचतारे सुरक्षा मूल्याङ्कन प्राप्त गरेको कम्पनीले जनाएको छ।

त्यस्तै, हाभल जोलियन म्याक्स ईभी मा १५० किलोवाट क्षमताको मोटर र ५८.३ किलोवाट आवरको ब्याट्री रहेको छ। यसले एकपटक चार्ज गर्दा ४०० किलोमिटरभन्दा बढी दूरी तय गर्ने कम्पनीको दाबी छ। जोलियन म्याक्स ईभीमा प्यानोरामिक सनरुफ, १४.६ इन्चको इन्फोटेनमेन्ट सिस्टम, उन्नत चालक सहायता प्रणाली (एडास) तथा भेहिकल-टु-लोड (भीटूएल) प्रविधि उपलब्ध छन्। नयाँ शोरुम सञ्चालनसँगै पोखरा र आसपासका ग्राहकले एउटै स्थानबाट सेल्स, सर्भिस र स्पेयर पार्ट्स अर्थात् थ्रीएस सेवा प्राप्त गर्न सक्ने रेज मोटर्सले जनाएको छ।

विद्युतीय सवारीसाधनको मर्मतसम्भारका लागि विशेष तालिमप्राप्त प्राविधिक टोली परिचालन गरिने तथा जीडब्ल्युएमका मौलिक स्पेयर पार्ट्स उपलब्ध गराइने कम्पनीले जनाएको छ। शोरुम उद्घाटन कार्यक्रममा कम्पनीका अध्यक्ष अशोक चालिसेले ग्राहकलाई गुणस्तरीय गाडी उपलब्ध गराउनुका साथै बिक्रीपछिको सेवामा पनि विशेष ध्यान दिइने बताउनुभयो। "जीडब्ल्युएमजस्तो अन्तर्राष्ट्रिय अटोमोबाइल ब्रान्ड पोखरामा ल्याउन पाउँदा हामीलाई गर्व लागेको छ," उहाँले भन्नुभयो, "हाम्रो उद्देश्य उत्कृष्ट गाडी बिक्री गर्नु मात्र होइन, बिक्रीपछिको सेवालाई पनि भरपर्दो बनाउनु हो।"

कम्पनीका सेल्स एन्ड अपरेसन महाप्रबन्धक अधिरकुमार श्रेष्ठले पोखराको बजार जीडब्ल्युएमका लागि महत्वपूर्ण रहेको बताउनुभयो। पोखराबाट ब्रान्डको विस्तार गर्दै आगामी दिनमा थप प्रिमियम उत्पादन भित्र्याउन समेत यसले आधार तयार गर्ने उहाँको भनाइ छ। कम्पनीका अनुसार हाभल जोलियन म्याक्स ईभीको मूल्य ५९ लाख ९ हजार ९ सय ९९ रुपैयाँ तोकिएको छ। त्यस्तै, ओरा ५ सेमीको मूल्य ४८ लाख ४९ हजार ९ सय ९९ रुपैयाँ र ओरा ५ फुल भेरियन्टको मूल्य ५३ लाख ९ हजार ९ सय ९९ रुपैयाँ कायम गरिएको छ। बुद्धचोकस्थित नयाँ शोरुम सर्वसाधारणका लागि खुला भइसकेको छ। शोरुमबाट दुवै मोडलको टेस्ट ड्राइभ तथा बुकिङसमेत सुरु गरिएको रेज मोटर्सले जनाएको छ।

कार्यक्रममा अटोवेजका सञ्चालक नारायणप्रसाद पौडेल, चालिसे ग्रुपका संस्थापक शिवप्रसाद चालिसे, पश्चिमाञ्चल अटोमोबाइल एसोसिएसनका अध्यक्ष दीपेन्द्र कोइरालालगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, व्यवसायी र सञ्चारकर्मीको उपस्थिति थियो। सोही अवसरमा अनिलमणि भण्डारीलाई 'ओरा ५' गाडीको चाबी हस्तान्तरण गरिएको थियो।

# मनास्लु हिमाल आरोहणका क्रममा विदेशी नागरिकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

मनास्लु हिमाल आरोहणका लागि आएका एक विदेशी नागरिकको मृत्यु भएको छ। सिङ्गापुरका ५० वर्षीय लाउ वी सेङको मृत्यु भएको हो। उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-१ सामागाउँस्थित मनास्लु हिमालको क्याम्प दुईबाट बेसक्याम्प फर्कने क्रममा सेङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले बताउनुभयो।

उहाँ यही भदौ २२ गते मनास्लु आरोहणका लागि सामागाउँ पुग्नुभएको हो।

# भोटेकोशी बाढी पीडितका लागि रघुगङ्गाको ११ लाख सहयोग

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ असोज

म्याग्दीको रघुगङ्गा गाउँपालिकाले रसुवाको भोटेकोशी बाढीबाट प्रभावितका लागि बुधबार रु ११ लाखभन्दा बढी सहयोग गरेको छ।

बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम उपलब्ध गराइएको प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले जानकारी दिनुभयो। गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रु दुई लाख, जनप्रतिनिधिको भदौ महिनाको मासिक सुविधाबाट रु दुई लाख १० हजार र कर्मचारीको भदौ महिनाको तलबभत्ताबाट रु सात लाख ६७ हजार ६२६ बराबरको रकम कोषमा जम्मा गरिएको पौडेलले जानकारी दिनुभयो।

# सम्हाल्ने र समेट्ने कुरामा ध्यान दिएर पार्टीलाई एकताबद्ध बनाएर राख्छौँ: सभापति थापा

**रासस**
काठमाडौं, १ असोज

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सबै तह, वर्गका व्यक्ति तथा व्यक्तित्वहरूलाई सम्हाल्ने र समेट्ने कुरामा ध्यान दिएर पार्टीलाई एकवद्ध बनाएर राख्ने बताउनुभएको छ।

पार्टीको केन्द्रीय कार्यालय सानेपामा आज बसेको केन्द्रीय समितिको वैठकको सुरुआतमा सभापति थापाले पार्टीभित्रका सबै असहमति र असन्तुष्टि सम्बोधन भएको उल्लेख गर्दै अब पार्टीलाई एकताबद्ध बनाएर लैजाने बताउनुभयो।

"अड्किएका सबै कुरा सम्बोधन भएका छन्, नेपाली कांग्रेस एउटा परिवार हो, सबैलाई समेटेर जान्छौँ, तोकिएको तिथिमा अधिवेशन गर्नुपर्ने कुरामा हामी बाँधिएका छौँ, हामी सबै एक ठाउँमा उभिएर रहेका छौँ, सँगै बसेर अधिवेशन गर्नु नपर्ने कुनै कुरा छैन, पार्टीलाई एक बनाउने भनेको नेता मात्रै मिलाउने हैन, रिसाएर कांग्रेस छोडेकाहरूलाई जोड्नु आवश्यक छ, यही असोज १६ गते खुला मञ्चमा महाधिवेशन उद्घाटन गर्छौं," सभापति थापाले भन्नुभयो।

सभापति थापाले पार्टीको महाधिवेशन टुङ्ग्याएर जनतासामु जाने उल्लेख गर्दै देशभरका पार्टी कार्यकर्ता तथा नेताहरूलाई एकतावद्ध हुन आग्रह गर्नुभयो। उहाँले पार्टीभित्र कसले जित्यो वा कसले आफ्नो अडान छाड्यो भन्ने रूपमा नभई सबैले केही न केही लचकता अपनाएर पार्टीको हितमा सहमति गरेको विषयका रूपमा लिन आग्रह गर्नुभयो।

"मतभिन्नता हुनु स्वाभाविक हो, त्यसलाई व्यक्तिगत विवाद नबनाई संवाद र सहमतिबाट समाधान खोज्नुपर्छ, पार्टीभित्रको एकता केवल नेताहरूबीचको एकतामा सीमित नराखी पार्टीबाट टाढिएका पुराना समर्थक तथा मतदातालाई समेत पुनः जोड्नुपर्छ," उहाँले भन्नुभयो। पार्टीका पूर्वसभापति तथा वरिष्ठ नेताहरूलाई समेत महाधिवेशन प्रक्रियामा सहभागी भएर एकताको सन्देश दिन सभापति थापाले आग्रह गर्नुभयो। वडा, जिल्ला तथा अन्य तहको अधिवेशनको जिम्मेवारी पाएका नेताहरूलाई पनि अधिवेशनमा सक्रिय रूपमा सहभागी हुन अनुरोध गर्दै उहाँले सहभागी हुन नसक्ने अवस्थामा विधानअनुसार वैकल्पिक व्यवस्था गर्नुपर्ने अवस्था आउनसक्ने बताउनुभयो। महाधिवेशन व्यवस्थापनका लागि विभिन्न समिति गठन गरी छोटो समयमै व्यवस्थित रूपमा काम गर्नुपर्नेमा सभापति थापाले जोड दिनुभयो। नेपाली कांग्रेसभित्र लामो समयदेखि देखिएका मतभेद र महाधिवेशनसम्बन्धी विवाद समाधान गर्न विभिन्न चरणमा निरन्तर संवाद हुँदै आएका थिए। विशेष महाधिवेशनपछि पनि पार्टीभित्र र नेताहरूबीच छलफल जारी रहेको तथा त्यसै क्रममा विभिन्न प्रस्ताव र सुझावका आधारमा सहमतिको वातावरण बनेको सभापति थापाको भनाइ थियो।

# गण्डकी प्रदेशस्तरीय 'मिडिया कप फुटसल' शुक्रबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

पोखरामा शुक्रबार र शनिबार गण्डकी प्रदेशस्तरीय 'मिडिया कप फुटसल' प्रतियोगिता आयोजना हुने भएको छ। कल्प मिडिया एण्ड मल्टिपर्पोज प्रालिअन्तर्गत नयाँलिपि न्यूज डटकमको आयोजनामा हुने उक्त प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको प्रालिका अध्यक्ष सुरज श्रेष्ठले जानकारी दिनुभयो।

प्रतियोगिताबाट बचत भएको रकम भोटेकोशी-त्रिशूली बाढी प्रभावितलाई सहयोग गरिने उहाँको भनाइ। पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय खेल मैदानमा सञ्चालन हुने प्रतियोगिता खेलकुद पत्रकारबीचको सम्बन्ध विस्तार र भाइचाराका दृष्टिले पनि महत्वपूर्ण रहेको उहाँले बताउनुभयो।

सूचना विभागको परिचयपत्र भएका तथा नेपाल पत्रकार महासङ्घ वा नेपाल खेलकुद पत्रकार मञ्चमा आबद्ध जुनसुकै जिल्लाका पत्रकार खेलाडीले प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन्। प्रतियोगितामा सहभागी खेलाडीको खेल अवधिभर बिमासमेत गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। खेल लिग प्रणालीमा सञ्चालन गरिने उहाँको भनाइ। अहिलसम्म चार टिम दर्ता भइसेकेको आयोजकले जनाएको छ। प्रतियोगिताको विजेता टोलीले नगद रु ५० हजार, शिल्ड, प्रमाणपत्र र मेडल प्राप्त गर्नेछ। दोस्रो हुने टोलीले नगद रु ३० हजार, शिल्ड, प्रमाणपत्र र मेडल प्राप्त गर्ने छन्। व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट खेलाडी, सर्वोत्कृष्ट प्रशिक्षकलाई जनही रु पाँच हजार पुरस्कार प्रदान गरिनेछ। त्यस्तै, प्रत्येक खेलमा म्यान अफ दि म्याच पुरस्कार नगद रू एक हजार ५०० प्रदान गरिने भएको छ।

# भोटेकोशी ...

परेर नेपालका १८८ पर्यटक बेपत्ता भएका छन्। विदेशी पर्यटकको सहयोगीका रूपमा गएका र कैलाश मानसरोवर तथा गोसाइँकुण्ड घुम्न गएका नेपाली रहेका विभागका सूचना अधिकारी घिमिरेले बताउनुभयो। उहाँका अनुसार हालसम्म ३१० विदेशी पर्यटकको सफल उद्धार गरिएको छ। यसैगरी, बाढीपछि सम्पर्कविहीन भएकामध्ये १३ जना (तीन पुरुष, नौ महिला र एक अन्य) हाल सम्पर्कमा आएका छन्। स्थानीय प्रशासन र सुरक्षा निकायले बेपत्ता भएकाको खोजी र राहत कार्यलाई तीव्रता दिएका छन्।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# मुस्ताङ जलवायु परिवर्तन सम्मेलनले स्थानीय सरकारलाई दिएको सन्देश

जलवायु परिवर्तनको प्रभाव र जोखिममा सबैभन्दा काम गर्न सक्ने भनेका स्थानीय सरकार हुन् । नागरिकको सबैभन्दा नजिक रहेर स्थानीय तहले काम गर्छन् । यससम्बन्धी नीति र रणनीतिको कार्यान्वयन स्थानीय तहबाटै सम्भव हुन्छ । सम्मेलनको मूल चुरो पनि स्थानीय तहको भूमिकामा छ र विपद् न्यूनीकरणका मुद्दामा केन्द्रित छ । मुस्ताङ हिमालको काखमा छ, हिमालमै जलवायु परिवर्तनबाट सबैभन्दा बढी असर परिरहेको छ । हिमाल पग्लिने, हिमताल फुट्ने, हिमनदीमा बाढी आउने भइरहेको छ । मुस्ताङले २०८२ सालमै कागबेनी बाढी बेहोर्नु परेको थियो । जलवायु परिवर्तनको अनुकूलन गर्न स्थानीय तहहरूबीच साझा कार्यक्रम र हातेमालो चाहिन्छ । जे बेहोर्नु परेको छ, गाउँ र दुर्गम बस्तीले असर बेहोर्नु परेको छ । त्यसको भुक्तभोगी हुनुको नाताले सबै स्थानीय तहको एउटै आवाज बनाएर संघीय सरकारसँगै विश्वलाई घच्घच्याउन जरुरी छ । स्थानीय तहले हो, जोखिममा बस्ती विस्तार रोक्न सक्ने । मुस्ताङमा जसरी तल्लो भेगमा वर्षाको मात्रा बढेर स्याउ खेती हुन छाड्दैछ, सो अनुरूपको खेतीपातीका लागि किसानलाई प्रेरित गर्न सक्ने स्थानीय तहले नै हो ।

भोटेकोसी बाढीले पुऱ्याएको विनाशका बारेमा अन्तर्राष्ट्रिय फोरममा जलवायु न्यायको आवाज उठिरहेको छ । प्रधानमन्त्री बालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१ औं महासभामा जलवायु परिवर्तनका कारण नेपालले व्यहोर्नुपरेको ठूलो मानवीय र भौतिक क्षतिको मुद्दा दह्रोसंग उठाउन धैरैको सुझाव छ । नेपालले अकल्पनीय रुपमा व्यहोर्नुपरेको क्षतिको पुर्ति त हुन सक्दैन तर न्याय पाउनु अधिकार होदेशका हरेक फोरम र अन्तर्राष्ट्रियस्तरमा पनि जलवायु परिवर्तनले पारेका बहुआयामिक असरका बारेमा मन्थन भएका छन् । ठिक यही बेला मुस्ताङको घरपफोङ गाउँपालिकाले जलवायु परिवर्तन सम्मेलन गरेर स्थानीय तहलाई बढी सचेत बन्न भकभक्याएको छ । जोमसोममा सञ्चालित दुईदिने 'घरपफोङ जलवायु परिवर्तन सम्मेलन, २०८३' बुधवार साझा प्रतिबद्धतासहितको 'घरपफोङ घोषणापत्र, २०८३' जारी गर्दै सम्पन्न भएको छ ।

घरपफोङ गाउँपालिकाको आयोजनामा कालीगण्डकी नदीको तट र निलगिरि हिमालको काखमा आयोजित सम्मेलनले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको गम्भीर असर र जलवायु न्यायको मुद्दालाई मुख्य विषय बनाएको थियो । सम्मेलनमा देशभरका ४३१ पालिका तथा ४१ जिल्ला समन्वय समितिका प्रमुख, जनप्रतिनिधि र जलवायु विज्ञहरूको सहभागिता थियो । सम्मेलनले पारित गरेको ४९ बुँदे घोषणापत्रमा जलवायु संकटलाई वातावरणीय मुद्दामा मात्र सीमित नराखी राष्ट्रिय विकास, आर्थिक समृद्धि, सामाजिक न्याय र मानव अधिकारसँग जोडिएको बहुआयामिक संकटका रूपमा स्वीकार गरिएको छ । नेपालको हरितगृह ग्यास उत्सर्जन नगण्य भए पनि उच्च जोखिम बेहोर्नुपरेकाले अन्तर्राष्ट्रिय मञ्चमा अनुदान वा सहायताका रूपमा नभई 'हानि र नोक्सानी'बापतको अधिकार र क्षतिपूर्तिका रूपमा स्थापित गराउन संयुक्त पहल गर्ने घोषणापत्रमा उल्लेख छ । घोषणापत्रमार्फत नेपाल सरकार तथा अन्तर्राष्ट्रिय समुदायसमक्ष विभिन्न आह्वान गरिएका छन् । पेरिस सम्झौताअनुसार विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न ठोस कदम चाल्नुपर्ने, हिमनदी तथा हिमतालको निरन्तर निगरानी र पूर्वसूचना प्रणालीको विस्तार गर्नुपर्ने तथा स्थानीय तहसम्म सहज र प्रत्यक्ष रूपमा जलवायु वित्तको पहुँच पुऱ्याउनुपर्ने माग गरिएको छ । गत भदौ १० गते हिम-चट्टान खसेर भोटेकोशी नदीमा आएको बाढीबाट भएको क्षतिपूर्तिको विषयलाई पनि घोषणापत्रले प्राथमिकताका साथ उठाएको छ ।

स्थानीय तहहरूले आफ्नो आवधिक योजना, वार्षिक नीति तथा बजेटमा जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने प्रतिबद्धता जनाएका छन् । जोखिममा आधारित भू-उपयोग योजना, सुरक्षित बस्ती विकास, रैथाने तथा जलवायु-सहिष्णु कृषि प्रणालीको प्रवर्द्धन, पानीका मुहान तथा हिमनदीको संरक्षण र फोहोर व्यवस्थापनलाई प्राथमिकता दिने निर्णय गरिएको छ । स्थानीय नीति तथा निर्णय प्रक्रियामा महिला, युवा, आदिवासी जनजाति र सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै परम्परागत ज्ञान र आधुनिक प्रविधिलाई एकीकृत गर्ने प्रतिबद्धता पनि जनाइएको छ । सम्मेलनको स्मरण र साझा प्रतिबद्धताको प्रतीकका रूपमा जोमसोममा 'स्थानीय सरकार जलवायु पार्क' स्थापना गर्ने घोषणा गरिएको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बेनी-जोमसोम सडक : पहिरो प्रभावित क्षेत्रमा स्तरोन्नति तीव्र

पोखरापत्र संवाददाता
म्याग्दी, १ असोज

चीन र भारत जोड्ने कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डको पहिरो प्रभावित क्षेत्रमा सडक स्तरोन्नतिलाई तीव्र पारिएको छ ।

बेनी-जोमसोम-कोरला सडक योजना कार्यालयले म्याग्दीको गलेश्वरदेखि मुस्ताङको लेते सेतोखोला क्षेत्रमा यसअघि ठेक्काबाट हटाइएको पहिरो प्रभावित क्षेत्रमा बाँकी रहेको स्तरोन्नतिको कामलाई पूर्णता दिन लागेको हो । फरकफरक प्याकेजमा ठेक्कामार्फत पहिरो नियन्त्रण, नदी कटान रोकथामसँगै ढलान गरेर स्तरोन्नति गर्ने काम भइरहेको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो ।

"बर्खायाम र कोरला नाकामा आवतजावत गर्ने सवारीसाधनको चापका बाबजुद सडक स्तरोन्नतिको काममा निरन्तरता पाएको छ", उहाँले भन्नुभयो, "यसअघि ठेक्काबाट हटाइएको पहिरो प्रभावित क्षेत्रमा अहिले काम भइरहेको छ । बाँकी पहिरो प्रभावित क्षेत्रमा पनि ठेक्का लगाउने तयारीमा छौं ।" आयोजनाका सूचना अधिकारी इञ्जिनियर बाबुसाहेबकुमार बैठाका अनुसार राहुघाट, घुमाउनेताल, चमेरे, बैसरी क्षेत्रमा एक किलोमिटर २०० मिटर सडक ढलान र विभिन्न ठाउँमा दुई हजार ३०० घनमिटर ग्याबियन, पलम र कङ्क्रिट पर्खाल निर्माणका लागि रु सात करोड ३० लाखमा शङ्करश्री-क्रियटिभ जेभीले ठेक्का पाएको छ । गत वैशाखमा सम्झौता गरेका उक्त कम्पनीले बर्खायाममा पनि निर्माणलाई निरन्तरता दिएको छ । रु आठ करोड मा ठेक्का सम्झौता गरेको कालीमाता-थापाकाजी-रसुवा जेभीले कुनैटा, बेगखोला, भिरकाटे र रातोपानी खण्डमा टेवा पर्खाल, कल्भर्ट निर्माण र ढलानको काम गरिरहेको छ ।

# सुरक्षाका लागि डुम्रे-बेलभञ्ज्याङ खण्डमा सिसी क्यामेरा जडान

पोखरापत्र संवाददाता
तनहुँ, १ असोज

तनहुँको बन्दीपुर गाउँपालिका-१ ले वडा क्षेत्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन डुम्रे बजारबाट बेलभञ्ज्याङसम्म सिसी क्यामेरा जडान गरेको छ । वडाले करिब रु ११ लाखको लागतमा मुख्य बजार तथा सडक क्षेत्रमा सिसी क्यामेरा जडान गरेको हो ।

चोरीजन्य घटना न्यूनीकरण, सवारी दुर्घटना नियन्त्रण तथा सवारी चालकको लापरबाहीलाई निगरानी गर्ने उद्देश्यले वडा क्षेत्रका महत्वपूर्ण स्थानमा सिसी क्यामेरा जडान गरिएको वडाध्यक्ष शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार बजार तथा सडक क्षेत्रमा सिसी क्यामेरा जडान भएपछि यहाँ हुने गतिविधिको निगरानी गर्न सहज हुनेछ । विशेषगरी चोरी, दुर्घटना तथा सवारी साधनको लापरबाहीसँग सम्बन्धित घटनामा सिसी क्यामेराबाट प्राप्त दृश्यले वास्तविकता पहिचान तथा अनुसन्धानमा सहयोग पुग्ने अपेक्षा गरिएको श्रेष्ठको भनाइ छ । "चोरीजन्य घटना, सवारी दुर्घटना तथा सवारीसाधन र चालकको लापरवाही नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले पृथ्वीराजमार्गको मुख्य स्थानमा सिसी क्यामेराबाट निगरानी सुरु गरेका छौं," उहाँले भन्नुभयो ।

सिसी क्यामेराले बजार तथा सडक क्षेत्रमा हुने गतिविधिको नियमित निगरानी बढाउनका साथै कुनै घटना भएमा त्यसको अनुसन्धानका लागि आवश्यक प्रमाण जुटाउन पनि सहयोग पुग्ने उहाँले बताउनुभयो । प्रहरीलाई अनुसन्धानका क्रममा क्यामेराको दृश्य उपलब्ध गराउन सकिने भएकाले आपराधिक तथा दुर्घटनाजन्य घटनाको छानबिनमा थप सहजता हुने अपेक्षा गरिएको श्रेष्ठले उल्लेख गर्नुभयो ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक शिख गा.वि.स. वडा नं. २. हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ५ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. JC ६०२७८९ F, सुवेदार तेस बहादुर रन्तिजा पुनको श्रीमती गिता देवी रन्तिजाको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर गितादेवी रन्तिजा पुन र जन्ममिति वि.सं. २०२१/०७/२७ (ई.सं. १९६४/११/१२) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर गिता देवी रन्तिजा र जन्ममिति वि.सं. २०३०/०७/२६ (ई.सं. १९७३/११/११) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. १४०, मिति २०८३/०५/११ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही बमोजिम सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी, बेनी**



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ४ निवासी भारतीय सेनाका भू.पू. सैनिक नं. १२२८०४१ NK टेक नारायण प्रधानको श्रीमती ख कुमारी प्रधानको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर ख कुमारी प्रधान र जन्म मिति वि.सं. २००६/०९/१५ (ई.सं. १९४९/१२/२९) भएको र निजको श्रीमानको भारतिय पेन्सन अभिलेखमा नाम थर KHAGU KUMARI र जन्म मिति 39 YEARS IN 25/11/1985 (A.D.) AS PER JOINT NOTIFICATION PPO उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएका व्यक्तिहरु फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, ४ नं. वडा कार्यालय, उपल्लाचौर, बागलुङको च.नं. २६९, मिति २०८३/०५/३१ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**



## एउटै व्यक्ति भएको सूचना




तनहुँ जिल्ला गण्डकी प्रदेश साविक फिरफिरे गाविस वडा नं.-२ हाल शुक्लागण्डकी नगरपालिका वडा नं.-१२ निवासी भारतीय भू.पू. सैनिक न. १३७४७२५६A, दर्जा नायक, पल्टन 5 J&K Rifles का जुद्धवीर गुरुङको श्रीमती चुनी मायाँ गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर चुनी मायाँ गुरुङ (CHUNI MAYA GURUNG) जन्ममिति वि.सं. २०४४/१२/१०मा २५ वर्ष सन् १९८३/०३/२३ उल्लेख भएको तर निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर चुन मनीयन गुर्छियाने (CHUN MANIAN GURCHHIANE) र जन्ममिति वि.सं. २०१९/०९/१३ तदानुसार १९६२/१२/२८ A.D. भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी नगरपालिका वडा नं.-१२ को वडा कार्यालयको च.नं. २७५ मिति २०८३/०५/२६ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**



## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. ०७ निवासी राजमान गुरुङको छोरा भारतीय भु.पु.सै.नं.JC106007P का सुवेदार 1/3 GR का डिल बहादुर गुरुङको माग निवेदन अनुसार निजको श्रीमती बेल सुवा गुरुङ (Bel Suba Gurung) को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर बेल सुवा गुरुङ (Bel Suba Gurung) र जन्म मिति वि.सं. २००५।०५।१० (ई.सं. १९४८-०८-२५) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर Bel Suba Gurung Seni र जन्ममिति वि.सं. २००६।०५।०९ (ई.सं. १९४९-०८-२५) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि कास्की जिल्ला अन्नपूर्ण गाउँपालिका ०७ नं. वडा कार्यालयको च.नं.८८ मिति २०८३।०५।३० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**



## धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सार्वजनीक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२० गते पोखरापत्र राष्ट्रिय दैनिक

दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/०२ गते पोखरापत्र राष्ट्रिय दैनिक

धनी कास्की जिल्ला पोखरा म.न.पा. नं. ३०, खुदी ढुंगेपाटन स्थित हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलका ऋणीले लिएको कर्जा रकमको साँवा, सो को ब्याज र हर्जना समेत नतिरी संस्थाले पटक पटक ऋण तिर्न मौखिक तथा लिखित जानकारी/अनुरोध गर्दा समेत तिर्नुपर्ने रकम नतिरेकाले निज ऋणीको नाममा मिति २०८१/०३/१० को समाधान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको । सो गर्दा समेत कर्जा नतिरी बेवास्ता आलटाल गरेकोले निज ऋणीले कर्जा लिदाँका बखत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको धितोको जग्गा लिलाम बिक्री गरी लेना रकम असुल उपर गरिने भएकोले गण्डकी प्रदेश सहकारी ऐन २०७५ को दफा ६५(१) तथा ऐन को नियमावली २०७६ को नियम २३ च एवम् संस्थाको ऋण असुली नीति २०८० बमोजिम लिलाम बढाबढका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशील**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | **नाम : नारायण आचार्य**<br>बाबु : कमलमोहन आचार्य<br>बाजे : कपिलमणी आचार्य<br>स्थायी ठेगाना :लेखनाथ न.पा.-०८, कास्की<br>ना.प्र.नं. १४९२९२, कास्की<br>जारि मिति :२०६१/०४/२४ | **नाम : प्रमिला त्रिपाठी आचार्य**<br>पति : नारायण आचार्य<br>बाजे/ससुरा : कमलमोहन आचार्य<br>स्थायी ठेगाना : पोखरा म.न.पा. - ३०, कास्की<br>ना.प्र.नं. : ४६१००२/४८८०, कास्की<br>जारि मिति : २०६७/०५/३० |

**धितोको विवरण** : शिशुवा गा.वि.स. वडा नं ०८ कित्ता नं. ५७८५ क्षेत्रफल १-०-०-० जग्गा र सो मा बनेको लिगलगापात समेत ।

**सर्तहरु :**

१. लिलाम बिक्री यो सूचना प्रकाशित मितिले १६औं दिनमा र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट यस हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा बिहान ११ : ०० बजेदेखि २ : ०० बजेसम्म लिलाम बोलकबोल गर्न सकिने छ ।
२. लिलाम बढाबढको बोलकबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी स्वरुप तत्कालै दाखिला गर्नुपर्ने छ । बाँकी रकम लिलाम भएको मितिले १५ दिनभित्र दाखिला गर्नुपर्ने छ । १५ दिनभित्र बाँकी रकम दाखिल नगरेमा लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुन लिलाम बढाबढको सूचना प्रकाशित गरिनेछ । धितोमा रहेको जग्गा नामसारी गरी लिदाँ लाग्ने सम्पूर्ण रजिस्ट्रेशन र लाभकर लिलाम सकार गर्नेले भुक्तानी गर्नुपर्ने छ ।
३. शर्त सहितको लिलाम बढाबढ मान्य हुनेछैन ।
४. लिलाम बढाबढ हुँदा सबैभन्दा बढी रकम बोलकबोल गर्नेलाई सकार गराईनेछ तर लिलाम स्विकार गर्ने नगर्ने अधिकार संस्थामा निहित रहने छ ।
५. यस सम्बन्धमा थप बुझ्नुपर्ने भए हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा सम्पर्क राख्नुहोला ।

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९, ५०४०६१

# बुबाको स्मृतिमा मिना थापा भण्डारीद्वारा दुर्घटना पीडित सन्दिपलाई ८१ हजार बढी सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

पोखरा महानगरपालिका-१५ स्यानीपाटन निवासी समाजसेवी मिना थापा भण्डारीले आफ्ना स्वर्गीय पिता कमल बहादुर थापाको स्मृतिमा दुर्घटनामा परी गम्भीर घाइते भएका युवा सन्दिप घर्तिको उपचारका लागि ८१ हजार १ सय १ रुपैयाँ आर्थिक सहयोग गरेकी छन् ।



पोखरा-१५ मै स्थायी बसोबास गर्ने सन्दिप केही समयअघि दुर्घटनामा परी गम्भीर घाइते भएका हुन् । उनको निरन्तर उपचार भइरहेको भए पनि परिवारको कमजोर आर्थिक अवस्थाका कारण उपचार खर्च र आवश्यक औषधि जुटाउन समस्या हुँदै आएको थियो। यही अवस्थालाई ध्यानमा राख्दै भण्डारीले व्यक्तिगत पहलमा सहयोग रकम उपलब्ध गराएकी हुन् । घाइते सन्दिपलाई सहयोग रकम हस्तान्तरण गर्दै समाजसेवी भण्डारीले आफ्ना स्वर्गीय बुबाको स्मृतिमा पीडितलाई सहयोग गर्न पाउँदा आफूलाई आत्मसन्तुष्टि मिलेको बताइन् । "आज मेरो स्वर्गीय बाबाको नाममा सबै जनाको साथ र सहयोगले गर्दा यो भाइलाई सानो भए पनि सहयोग गर्न पाउँदा खुसी लागेको छ । छिट्टै सन्चो होस् यो भाइलाई । भगवान्सँग मेरो यही प्रार्थना छ," भण्डारीले भनिन्।

उनले सहयोगलाई केवल आर्थिक सहयोगका रूपमा नभई मानवीय संवेदना र सामाजिक उत्तरदायित्वका रूपमा लिएको बताइन् । दुःख र अप्ठ्यारोमा परेका व्यक्तिलाई आफ्नो क्षमताअनुसार सहयोग गर्नु नै स्वर्गीय बुबाप्रतिको सच्चा श्रद्धाञ्जली हुने उनको भनाइ छ । सहयोग प्राप्त गरेपछि सन्दिपको परिवारले उपचारका क्रममा प्राप्त भएको यस सहयोगले ठूलो राहत मिल्ने विश्वास व्यक्त गरेको छ । परिवारका अनुसार उपचार र औषधिमा निरन्तर खर्च भइरहेकाले आर्थिक अभावका कारण थप उपचार अघि बढाउन कठिनाइ भइरहेको थियो । स्वर्गीय पिताको स्मृतिमा भण्डारीले गरेको यो मानवीय पहलले दुर्घटना पीडित सन्दिपको उपचारमा केही सहजता ल्याउनुका साथै समाजमा सहयोग, सहकार्य र मानवीय संवेदनाको सकारात्मक सन्देशसमेत दिएको छ ।

# नेपाल रेडक्रस सोसाइटी पोखरा-१० द्वारा बाढी पिडितलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

देशमा भएको विनासकारी बाढीपैहिरोबाट रसुवा जिल्ला भोटेकोसीमा बाढीपीडितहरूको लागि सहयोगार्थ सञ्चालित राहत संकलन अभियानमा हाम्रो नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखाद्धारा प्रदान गरिएको छ ।




नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखाका सभापति जीवन श्रेष्ठ, निवर्तमान सभापति सम्मरबहादुर श्रेष्ठ, उपसभापति पवित्रा गुरुङ, सचिव विन प्रसाद गुरुङ, कोषाध्यक्ष नरहरि पनेरु, सदस्य कृष्ण तिमिल्सेना, निर्मला श्रेष्ठ, गिता कोइरला आरचर्य, विपद् व्यवस्थापन समितिका संयोजक सुक बहादुर गुरुङ, लैंगिक तथा सामाजिक समावेशिकरण समितिका कोषाध्यक्ष लक्ष्मिराज भण्डारी लगायत सदस्यहरू शुष्मा पौडेल तथा उपशाखाका पदाधिकारी एवं सदस्यहरू सम्पूर्ण सहयोगदाताहरूबाट बुधबारका दिन नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाको प्राङ्गणमा सभापति उर्मिला खड्का, मन्त्री सन्तोष अधिकारी लगायत पदाधिकारी एवं सदस्यहरूमा राहतस्वरूप खाद्यवस्तु, लत्ताकपडा लगायत अत्यावश्यक सामग्री रकम रू. ६४ हजार बराबरको सहयोग हस्तान्तरण गरेको छ ।

# जनज्योतिमा विद्यार्थी संख्या र शैक्षिक गुणस्तर बढाउन भू.पू. विद्यार्थीको पहल

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

पोखरा महानगरपालिका-२८ कालिकामा रहेको जनज्योति माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर सुधारसँगै विद्यार्थी सूंखया वृद्धि गर्ने उद्देश्यले पाँच वर्षे विद्यालय सुधार रणनीतिक कार्ययोजना तयार गरिएको छ।



जनज्योति माध्यमिक विद्यालय भूतपूर्व विद्यार्थी मञ्च, कालिकाको पहलमा कार्ययोजना तयार गरिएको हो । गत साउन ९ गते ऋषिराम त्रिपाठीको संयोजकत्वमा नन्दलाल त्रिपाठी र नगेन्द्रराज लामिछाने सदस्य रहेको तीन सदस्यीय समिति गठन गरिएको थियो । समितिलाई दुई महिनाको समय दिइएको भए पनि निर्धारित समयअगावै बिहीबार कार्ययोजना तयार गरी मञ्चलाई हस्तान्तरण गरिएको हो । समितिका संयोजक ऋषिराम त्रिपाठीले मञ्चका अध्यक्ष किर्तिवल्लभ त्रिपाठीलाई ४९ पेजको कार्ययोजना हस्तान्तरण गरेका हुन् । कार्ययोजना तयार गर्न समितिले विद्यालयका विद्यार्थी, अभिभावक, शिक्षक तथा अन्य सरोकारवालासँग छलफल तथा आवश्यक अनुगमन गरेको जनाएको छ । कार्ययोजनामा विद्यार्थी संख्या निरन्तर घट्दै जानुको कारण पहिचान गरी विद्यालयको शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार, प्रचारप्रसार तथा अतिरिक्त क्रियाकलापलाई प्राथमिकतामा राखिएको छ। विद्यार्थी संख्या वृद्धि गर्न घरदैलो अभियान, अभिभावकसँग प्रत्यक्ष संवाद तथा परामर्श, भर्ना अभियान र अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाउनेलगायतका कार्यक्रम समेटिएका छन्। विद्यालयमा हाल प्रारम्भिक बालविकास कक्षादेखि कक्षा १२ सम्म अध्ययनअध्ययापन हुँदै आएको छ। कुनै समय कक्षा ६ देखि १० सम्म मात्रै पढाइ सञ्चालन हुँदा विद्यालयमा पाँच सयभन्दा बढी विद्यार्थी अध्ययन गर्ने गरेको उनीहरूको भनाइ छ । तर पछिल्ला वर्षमा विद्यार्थी संख्या क्रमशः घट्दै गएको छ। विद्यालयको तथ्याङ्कअनुसार २०७९ सालमा १ सय २८ विद्यार्थी अध्ययनरत रहेकामा २०८० मा बढेर १ सय ७० पुगेको थियो। त्यसपछि २०८१ मा १ सय ४३, २०८२ मा १ सय १५ हुँदै चालु शैक्षिक वर्षमा १ सय ८ जना विद्यार्थी भर्ना भएका छन्। भर्ना भएका विद्यार्थीमध्ये नियमित विद्यालय आउने विद्यार्थीको संख्या करिब ९८ रहेको जनाइएको छ। कार्ययोजनाले साविक कालिका क्षेत्रमा विद्यालय जाने उमेर समूहका बालबालिकाको संख्या उल्लेख्य रहे पनि त्यसको तुलनामा जनज्योतिमा अध्ययन गर्ने विद्यार्थी संख्या निकै न्यून रहेको औंल्याएको छ । कार्ययोजनामा विद्यालयको भौतिक पूर्वाधार विकास, शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक व्यवस्थापन, अभिभावक तथा समुदायसँगको सम्बन्ध सुदृढीकरण, विद्यार्थी आकर्षणका कार्यक्रम र अतिरिक्त क्रियाकलापलाई प्राथमिकताका साथ अघि बढाउने उल्लेख छ।

विद्यालयको सुधारका लागि कार्ययोजनामा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्न करिब ३ करोड ७३ लाख ६३ हजार रुपैयाँ बजेट आवश्यक पर्ने उल्लेख गरिएको छ। कार्ययोजनाअनुसार २०८३र०८४ देखि २०८७र०८८ सम्मका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएको छ।

मञ्चले विद्यालयको वर्तमान अवस्था सुधार गरी विद्यार्थी संख्या वृद्धि, शैक्षिक गुणस्तर अभिवृद्धि र समुदायमा विद्यालयप्रतिको विश्वास पुनःस्थापित गर्न कार्ययोजनालाई विद्यालयसँग मिलेर प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जनाएको छ। कार्ययोजना हस्तान्तरण कार्यक्रममा बोल्दै विद्यालयका भू.पू. शिक्षक समेत रहेका शितलादेवी सामुदायिक विद्यालयका प्रधानध्यापक बाबुराम अधिकारीले विद्यालय प्रशासक र व्यवस्थापनले चाहेको खण्डमा विद्यालयको आकर्षण बढाउन सकिने बताए । त्यसको लागि आवश्यक भौतिक संरचना सहित उत्पेरक भूमिका र रणनीति तयार गर्न मञ्चले सहयोग गर्दा सहज हुने उल्लेख गरे। भू.पू. विद्यार्थी शुक्रराज अधिकारीले बस सञ्चालन गर्दा महंगो भएकोले धान्न समस्या हुन सक्ने बरु अतिरिक्त कक्षा सञ्चलान गरी विद्यालयमा छात्रवास सञ्चालन गर्दा सहज हुने बताए। अर्का भू.पू. विद्यार्थी विष्णु प्रसाद बरालले सङ्ख्या घटिरहेको अवस्थामा हालको भोटेकोशी बाढिले अभिभावक गुमाएका केही बालबालिकालाई मञ्च लगायतको पहलमा अध्ययन गर्ने व्यस्था गर्न सके संख्या पनि बढ्ने र सन्देश पनि राम्रो जाने सुझाब दिए।

विद्यालयका प्रध्यानपक नवराज पराजुलीले विद्यालयका भौतिक संरचना जिर्ण हुँदा समस्या भएको बताए । उनले सूचना प्रविधि लगायतको आवश्यक व्यवस्था गर्न सके शैक्षिक गुणस्तर र विद्यार्थीको आकर्षण बढाउन सकिने बताए । विद्यालयमा अध्यापनरत शिक्षको तालमेल र शिक्षण प्रद्धती प्रभाकारी रहेकोले अहिलेकै जनशक्तीले थप राम्रो नतिजा दिन सक्ने प्रष्ट पारे। विद्यार्थी उत्रिर्ण दर ९५ प्रतिशतको आसपासमा रहेको उनको भनाइ थियो । जनज्योति माध्यमिक विद्यालय भूतपूर्व विद्यार्थी मञ्च अध्यक्ष किर्तिवल्लभ त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रम सचिव गुरु प्रसाद त्रिपाठीले सञ्चालन गरेका थिए


## भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

"समृद्ध भीरकोटको आधारः कृषि, पर्यटन र सवल शहरी पूर्वाधार"

**बयरघारी, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(सूचना प्रकाशित मितिः– २०८३/०६/०२)**

चालु आ.व. २०८३/०८४ मा यस कार्यालयको लागि आवश्यक तपसिल बमोजिमको सामग्री खरिद सिलबन्दी दरभाउपत्र मार्फत गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक अधिकृत विक्रेता, विक्रेता वा फर्महरुबाट देहायका शर्तहरुको अधीनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | ठेक्का नं. | विवरण | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र स्थान | जमानत रकम रु. | जमानत मान्य अवधी | दरभाउ पत्र पेश गर्ने अवधि र स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | BM/HE/SQ/01/2083-84 | Procurement of Hen Egg for Bheerkot Municipality | १०००/- | २०८३/०६/०८ गते कार्यलय समयभित्र स्थान : भीरकोट नगरपालिकाको कार्यालय बयरघारी स्याङ्जा। | १९०००/- | ७५ दिन | २०८३/०६/०९गते दिनको १२ बजेभित्र पेश गर्ने र सोही दिनको १ बजे खोलिने। स्थान : भीरकोट नगरपालिकाको कार्यालय बयरघारी स्याङ्जा। |

प्रमुख प्रशासकीय अधिकृत



## धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सार्वजनीक सूचना

प्रथम प्रकाशित मितिः २०८३/०४/१३ गते पोखरापत्र राष्ट्रिय दैनिक
दोस्रो प्रकाशित मितिः २०८३/०६/०२ गते पोखरापत्र राष्ट्रिय दैनिक

धनी कास्की जिल्ला पोखरा म.न.पा. नं. ३०, खुदी ढुंगेपाटन स्थित हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलका ऋणीले लिएको कर्जा रकमको साँवा, सो को ब्याज र हर्जना समेत नतिरी संस्थाले पटक पटक ऋण तिर्न मौखिक तथा लिखित जानकारी /अनुरोध गर्दा समेत तिर्नुपर्ने रकम नतिरेकाले निज ऋणीको नाममा मिति २०८२/०८/०१ को आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको । सो गर्दा समेत कर्जा नतिरी बेवास्ता आलटाल गरेकोले निज ऋणीले कर्जा लिदाँका बखत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको धितोको जग्गा लिलाम बिक्री गरी लेना रकम असुल उपर गरिने भएकोले गण्डकी प्रदेश सहकारी ऐन २०७५ को दफा ६५(१) तथा ऐ को नियमावली २०७६ को नियम २३ च एवम् संस्थाको ऋण असुली नीति २०८० बमोजिम लिलाम बढाबढका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशील**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | **नाम : कृष्णराज घिमिरे**<br>बाबु : गौरिलाल घिमिरे<br>बाजे : बलभद्र घिमिरे<br>स्थायी ठेगाना : दमौली-०६, तनहुँ<br>ना.प्र.नं.: ३९०, तनहुँ<br>जारि मिति : २०३४/११/२२ | **नाम : गौरी देवी घिमिरे**<br>पति : कृष्णराज घिमिरे<br>बाजे : गौरिलाल घिमिरे<br>स्थायी ठेगाना : व्यास -०२, तनहुँ<br>ना.प्र.नं.: ३१९३, तनहुँ<br>जारि मिति : २०४३/११/१७ |

**धितोको विवरणः** देउराली गा.वि.स. वडा नं ०४ कित्ता नं. ५३६ र ५३८ क्षेत्रफल क्रमश २-१-३-० र ३-२-१-१, खाल्टे गा.वि.स ०७ कित्ता नं.२५६, २६१, २७६ र २७७ क्षेत्रफल क्रमश १-१५-१-१, ५-२-१-०, ०-१५-२-१ र १-१-०-२

**सर्तहरु :**

१. लिलाम बिक्री यो सूचना प्रकाशित मितिले १६औं दिनमा र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट यस हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा बिहान ११ : ०० बजेदेखि २ : ०० बजेसम्म लिलाम बोलकबोल गर्न सकिने छ।
२. लिलाम बढाबढको बोलकबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी स्वरुप तत्कालै दाखिला गर्नुपर्ने छ। बाँकी रकम लिलाम भएको मितिले १५ दिनभित्र दाखिला गर्नुपर्ने छ। १५ दिनभित्र बाँकी रकम दाखिल नगरेमा लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुन लिलाम बढाबढको सूचना प्रकाशित गरिनेछ। धितोमा रहेको जग्गा नामसारी गरी लिदाँ लाग्ने सम्पूर्ण रजिस्ट्रेशन र लाभकर लिलाम सकार गर्नेले भुक्तानी गर्नुपर्ने छ।
३. शर्त सहितको लिलाम बढाबढ मान्य हुनेछैन।
४. लिलाम बढाबढ हुँदा सबैभन्दा बढी रकम बोलकबोल गर्नेलाई सकार गराईनेछ तर लिलाम स्विकार गर्ने नगर्ने अधिकार संस्थामा निहित रहने छ।
५. यस सम्बन्धमा थप बुझ्नुपर्ने भए हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा सम्पर्क राख्नुहोला।

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की**
**फोन नं. ०६१-५०४०४९,५०४०६१**